# जनकपुरधाम उपमहानगरपालिकाको सम्मानित १५ औँ नगरसभामा

२०८३ साल आषाढ २९ गते उपमहानगरपालिका प्रमुख

श्री मनोज कुमार साहज्यूले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३/०८४ को
# नीति तथा कार्यक्रम

जनकपुरधाम उपमहानगरपालिका

२०८३

जनकपुरधाम उपमहानगरपालिकाको १५ औँ नगरसभाको समुद्घाटन समारोहमा

नगर प्रमुखश्री मनोज कुमार साह ज्यू द्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८३/०८४ को

# **नीति तथा कार्यक्रम**

**नगर सभाका सदस्यज्यूहरू,**

**प्रमुख प्रशासकीय अधिकृतज्यू, राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू**

१. **"स्वच्छ, सुशासित, समृद्ध, पर्यटकीय तथा सांस्कृतिक जनकपुरधाम"** बनाउने उद्देश्य सहित नेपालको संविधानले परिकल्पना गरेको समृद्ध, समुन्नत, समावेशी र आत्मनिर्भर स्थानीय सरकार निर्माण गर्ने दृढ संकल्पका साथ जनकपुरधाम उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

यस अवसरमा देशको लोकतान्त्रिक आन्दोलन, जनआन्दोलन, मधेश आन्दोलन तथा विभिन्न परिवर्तनका आन्दोलनहरूमा आफ्नो अमूल्य योगदान पुर्‍याउनुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाइते, बेपत्ता तथा परिवर्तनका लागि संघर्ष गर्ने सम्पूर्ण व्यक्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

२. प्राचीन मिथिलाको राजधानी जगज्जननी माता जानकीको पवित्र नगरी जनकपुरधाम धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक दृष्टिले नेपालको एक पयर्टकीय शहर हो। माता जानकीको जन्मस्थल तथा हिन्दूहरूको प्रमुख तीर्थस्थलको रूपमा विश्वभर परिचित यस नगरलाई स्वच्छ, व्यवस्थित, सुरक्षित र पर्यटकीय केन्द्रका रूपमा विकास गर्नु हाम्रो दायित्व हो।

३. बिगतका बर्षहरुमा यस उपमहानगरपालिकाको आवश्यक्ता अनुसार विभिन्न ऐन, नियमावली, निर्देशिका, कार्यविधि, आदी मापदण्ड निर्माण भई राजपत्रमा सार्बजनिक भएका छन् । यसबाट उपमहानगरको दैनिक तथा प्रशासनीक कामकाज गर्न निकै सहज हुनुका साथै कार्यपालिका कानूनी हैसियतले पनि बलियो भएको छ ।

४. **राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक क्षेत्र** सबै मूल्यको हिसाबले हेर्दा जनकपुरधाम उपमहानगरपालिका मधेश प्रदेशको राजधानी तथा नेपालको प्रमुख धार्मिक, सांस्कृतिक र प्रशासनिक केन्द्र हो। राजनीतिक रूपमा स्थानीय, प्रदेश र संघीय सरकारबीचको समन्वयमा विकास तथा सुशासनका कार्यहरू सञ्चालन भइरहेका छन्। आर्थिक रूपमा धार्मिक पर्यटन, व्यापार, सेवा क्षेत्र, कृषि आदी व्यापार यसका मुख्य आधार हुन्। सामाजिक रूपमा मिथिला सभ्यता, सांस्कृतिक विविधता, धार्मिक सहिष्णुता तथा सामाजिक समावेशिता यसको प्रमुख विशेषता हो। प्रशासनिक रूपमा प्रदेश राजधानी भएकाले सरकारी सेवा प्रवाह तथा संस्थागत संरचना अपेक्षाकृत सुदृढ रहेको छ। समग्रमा, उपलब्ध स्रोत, सम्भावना र अवसरहरूको प्रभावकारी उपयोग गर्दै सुशासन, पूर्वाधार विकास, आर्थिक समृद्धि, सामाजिक न्याय र दिगो शहरी विकासलाई प्राथमिकता दिन सके जनकपुरधामलाई समृद्ध, व्यवस्थित र नागरिकमैत्री उपमहानगरका रूपमा विकास गर्न सकिन्छ।

५. स्वच्छ र सफा जनकपुर बनाउने, स्थानीय जनताको हित र स्वाभिमान प्रवर्द्धन गर्ने, प्रशासनलाई विकासमैत्री बनाउने, अनावश्यक खर्च कटौती गर्ने जस्ता उद्देश्य राखी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र दिगो विकास लक्ष्यलाई मध्यनजर गर्दै तयार गरिएको छ।

**उपस्थित नगर सभाका सदज्यूहरु,**

६. अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस वर्ष खानेपानी सरसफा फोहोरमैलाको प्रभावकारी व्यवस्थापन, पर्यटकीय पूर्वाधार तथा भाषा संस्कृति विकास, शैक्षिकक्षेत्र सुधार, स्वास्थ्य क्षेत्र प्रवर्द्धन, कृषि क्षेत्रको व्यवसायीकरण, महिला सशक्तिकरण, औधौगिकरण मार्फत आयमा वृद्धि तथा ग्रामीण क्षेत्रहरुमा पूर्वाधार विकास उपमहानगरको प्राथमिकतामा रहेका छन् ।

**फोहोरमैला व्यवस्थापन तथा सरसफाइ**

७. जनकपुरधामको सरसफाईलाई वैज्ञानिक तथा व्यवस्थित गर्ने प्रयासलाई निरन्तरता दिदै घरदैलो फोहोर संकलन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

८. फोहोर व्यवस्थापनमा चाहिने आवश्यक उपकरण तथा जनशक्ति परिचालन गरिनेछ।कुहिने तथा नकुहिने फोहोर छुट्याउने प्रविधि मार्फत घरेलु कार्यमा प्रयोग हुने उर्जा तथा कम्पोस्ट मल उत्पादन गरी कृषि कार्यमा प्रयोग गरिनेछ । यो फोहोर व्यवस्थापन पद्धतिवाट किसानको माटोको क्षमता विकास र उपमहानगरपालिकाको आयश्रोतमा वृद्धि हुने छ ।

९. फोहोरमैला व्यवस्थापनको लागि आमनागरिक तथा सामुदायहरूलाई जनचेतना जगाउन “स्वच्छ जनकपुरधाम अभियान” सञ्चालन गरिनेछ ।

१०. धार्मिक तथा पर्यटकीय क्षेत्रलाई विशेष सरसफाइ क्षेत्र घोषणा गरिनेछ।

११. फोहोर उत्पादन गर्ने व्यवसायलाई दर्ता तथा सेवा शुल्क प्रणालीमा आबद्ध गरिनेछ।

१२. जनकपुरधाममा रहेका बर्षौं देखिको विकराल समस्याको रुपमा लामखुट्टेको नियन्त्रण पनि हो यसका लागि स्वास्थ्य क्षेत्रका उच्च तहका विषय विशेषज्ञको परामर्श लिई आवश्यक र ठोस कदम चालिनेछ ।

१३. फोहरमैला ब्यबस्थापन गर्न उचित collection, segregation, disposal तथा treatment को लागि भौतिक पुर्बधार सहित landfill site तयार गरिनेछ |

१४. फोहरमैला ब्यबस्थापन गर्न उचित collection, segregation, disposal तथा treatment को लागि भौतिक पुर्बधार सहित landfill site तयार गरिनेछ |

**पर्यटन तथा नगर क्षेत्रको सुन्दरता प्रवर्द्धन**

१५. पौराणिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक धरोहरहरुको संरक्षणका लागि अध्ययन अनुसन्धान, तिनका विषयमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा सूचना प्रवाह तथा प्रचार प्रसार गर्न जनकपुरधाम पर्यटन केन्द्र थप सशक्त बनाइनेछ ।

१६. नगर क्षेत्रका रङ्गभूमि मैदान, धार्मिक तथा ऐतिहासिक पोखरीहरुको वृहत सरसफाई तथा पोखरीका डिलहरुको सौन्दर्यिकरण गर्दै रमणीय स्थलका रूपमा विकास गरिनेछ ।

१७. सडकमा खुला रूपमा विचरण गर्ने चौपायाहरुको उचित व्यवस्थापनका लागि न.पा.द्वारा निर्मित गौशालालाई अझ व्यवस्थित तथा प्रभावकारी गरीनेछ ।

१८. नगरका सडक तथा सडकपेटीहरुमा जथाभावी रुपमा गरिने पार्किंग नियन्त्रण गर्न उचित स्थानहरु पहिचान गरी सुव्यवस्थित पार्किंगको व्यवस्था मिलाईनेछ ।

१९. पैदल हिंड्ने फुटपाथहरुमा राखिने व्यवसायिक पसल तथा निर्माण सामग्रीहरु नियन्त्रण गर्न प्रभावकारी कदम लाई निरन्तरता दिईनेछ ।

२०. जानकी मन्दीरलाई विश्व सम्पदासूचिमा सूचिकृत गर्न संरक्षित क्षेत्रको नक्सांकन पुरा भैसकेको हुंदा संरक्षितक्षेत्र कायम गर्न पुरातत्व विभाग स्.ग समन्वय गरी कार्य सम्पन्न गरीनेछ ।

२१. मैथिली भाषा साहित्य कला संस्कृतिको प्रवर्धन र संवर्धन अनुसन्धानका लागि यस नगर क्षेत्रमा काम गर्ने संस्थाहरु संग समन्वय गरी कार्य सञ्चालन गरीनेछ ।

२२. दुधमती कोरीडोर यस पालिकाबाट निर्माण भएकोमा सोको सैन्दर्यीकरण तथा निर्माण गर्न संघ तथा प्रदेश सरकार संग समन्वय गरी कार्य प्रारम्भ गरीनेछ ।

२३. पर्यटन प्रवर्द्धन तथा जनकपुरधाम नगर क्षेत्र भित्रका मुर्ती तथा आमूर्त सम्पदाहरूको संरक्षण तथा अभिलेखिकरणको लागी सम्पदा संरक्षण शाखा स्थापना गरि कार्य सञ्चालन गरिनेछ ।

२४. पर्यटकिय विकासका लागि पर्यटक गाइडको व्यवस्था गर्न कार्यविधि बनाई कार्यक्रम अगाडी बढाईनेछ ।

२५. नगरक्षेत्रमा अव्यवस्थित रुपमा सञ्चालित ई–रिक्सा व्यवस्थाको लागी कार्यवीधि निर्माण भै सोको दर्ता नविकरण तथा नियमन गर्ने कार्य प्रारम्भ भैसकोले उ.म.न.पा.का दर्ता नभएका ई‘रिक्साहरुलाई परिक्रमा क्षेत्रभित्र प्रावेश पुर्णरुपमा निषेध गरी व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

**शैक्षिक सुधारः**

**शिक्षा, युवा तथा खेलकुद**

२६. प्रारम्भिक बाल शिक्षा केन्द्रका बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्न आवश्यक स्रोतसाधन उपलब्ध गराइनेछ ।

२७. विद्यालयलाई अपाङ्गतामैत्री र छात्रामैत्री बनाउने गरी न्यूनतम भौतिक पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ । आगामी दुई वर्षभित्र जस्तापाताको छानो भएका सबै कक्षाकोठामा फल्स सिलिङ राखिनुका साथै सबै विद्यालयको रङरोगन सम्पन्न गरिनेछ ।

२८. सामुदायिक विद्यालयमा इन्टरनेट र प्रविधिको माध्यमबाट शिक्षण-सिकाई गर्न शिक्षकलाई प्रोत्साहित गरिनेछ । आधारभूत विद्यालयलाई इन्टरनेट जडानका लागि न्यूनतम स्रोत उपलब्ध गराइनेछ ।

२९. प्राविधिक शिक्षालाई जोड दिनुको साथै युवा स्वयं-सेवक शिक्षक परिचालन गरिनेछ।

३०. अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेशस्तरीय खेलमा पदक जित्ने उपमहानगरका खेलाडीहरुलाई पुरस्कृत गरिनेछ।

३१. उपमहानगरपालिकाले प्रत्येक २ वर्षमा वृहत् खेलकूद महोत्सव आयोजना गर्नेछ ।

३२. विद्यालयमा विषयगत शिक्षक दरबन्दीको सुनिश्चितता गर्नुका साथै पाठ्यक्रम निर्देशित पाठ्यघण्टा र कार्यघण्टा अनुसार सिकाइका लागि शिक्षकको तयारी प्रस्तुति र त्यसपछि पनि सिकाइका लागि वस्तुगत अनुगमग र पृष्ठपोषण दिने लिने ( Monitoring mechanism) प्रणालीको विकास गरिनेछ ।

३३. विद्यालयहरुमै तालिम व्यवस्थापनको सुनिश्चतता गर्नुका साथै वास्तविक कक्षामा त्यसै ठाउँमा सीप स्थानान्तरण गर्ने प्रणालीको विकास गरी सीपयुक्त शिक्षक सीपयुक्त विद्यार्थी उत्पादन गर्ने ।

३४. एक विद्यालय एक ल्याब, एक पुस्तकालय र एक सूचना संचार प्रविधिकेन्द्र व्यवस्थापनका लागि विगतमा सहयोग गरिएका विद्यालयहरुमा प्रयोगको अवस्था विश्लेषण गरी सबै विद्यालयलाई क्रमशः यसै अनुरुप लैजाने कार्यलाई निरन्तरता दिइनेछ।

३५. अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रवर्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गरिनेछ ।

३६. स्थानीय पाठ्यक्रम बनाउन लगाई आवश्यक कदम चालिनेछ। मिथिलाका संस्कृतिलाई मूलमर्म ठानेर यहाँका गौरवगाथाका कथाहरु हाम्रा पुरखाहरु हाम्रा शहीदहरु लोकपात्रहरु बारे विशेष केन्द्रिकरण गरेर विभिन्न किसिमका जनचेतनामूलक प्रतियोगिताहरु संचालन गरिनेछ।

३७. अतिरिक्त क्रियाकलापहरु सांगीतिक प्रतियोगिताहरु संचालनार्थ बालबालिकाहरुका सिर्जनात्मक प्रतिभा प्रस्फुटनका लागि प्रत्येक विद्यालयहरुमा कम्तीमा महिनाको एक पटक कार्यक्रम आयोजना गरी शैक्षिक व्यक्तित्वहरुलाई विशेष आमन्त्रित गरी कार्यसम्पादन गरिनेछ ।

३८. उपमहानगरपालिका भित्रका सवै सामुदायिक विद्यालयहरूमा वाल क्लव स्थापना गरी उक्त् क्लवका लागि आवश्यक क्षमता अभिवृद्धिकार्यक्रममा सहयोग गर्ने र क्लवका सदस्यहरूलाइ विभिन्न स्थलगत भ्रमणको व्यवस्थागरिनेछ।

३९. विद्यालयको पोशाकलगाएका विद्यार्थीहरुलाई धुम्रपानका साधनहरुको उपलब्धता तथा चलचित्र हलहरुमा पुर्णरुपमा निषेध गरिने नीति अवलम्बन गरीनेछ ।

४०. जनकपुरधाम वडा नं. १४ स्थित संचालनमा रहेको रामजानकी अन्तराष्ट्रिय रंगशाला निर्माणको लागि यस उपमहानगरपालिकाले विगत देखी गर्दै आएको सहयोग र पहललाई अझ रंगशाला निर्माण कार्यको लागि सशक्त रूपमा सहयोग र पहल बढाउदै जानेछ ।

**राजस्व तथा स्रोत व्यवस्थापन**

४१. ३० लाख सम्मको करदातालाई सम्पत्ति करमा ३४ प्रतिशत र त्यसपछिको २० लाख मूल्य पर्ने सम्पत्तिमा ०.०१ प्रतिशतले छुट दिइने ब्यबस्थालाई निरन्तरता दिईने छ।

४२. आर्थिक वर्षको प्रथम ३ महिनाभित्र सम्पत्ति कर तथा व्यवसाय कर बुझाउने करदातालाई पुरुषको हकमा ५ प्रतिशत र महिलाको हकमा १० प्रतिशत छुट दिइने ब्यबस्थालाई निरन्तरता दिईने छ।

४३. आन्तरिक राजस्वको दायरा र आधारलाई फराकिलो बनाउंदै जाने नीति लिनुका साथै राजस्वका स्रोत बढाउन सघन कार्यक्रमहरु संचालन गरिनेछ ।

४४. दिगो र भरपर्दो आय स्रोतहरुबाट राजस्व संकलन तथा समुचित परिचालन गरि समृद्ध उपमहानगर निर्माणमा टेवा पुग्ने भएकोले उपमहानगरपालिका क्षेत्रको करको दायरामा नपरेका व्यक्ति, संघ संस्था, व्यवसायहरुलाई करको दायरामा ल्याइनेछ ।

४५. करदाताहरूको सहुलियतको लागि हालको कर प्रणाली पूर्णरूपमा कम्प्युटरबाट स्वचालित भई नगद तथा अनलाईन QR कोड, चेक, बैंक भाउचर माध्यमबाट कर तिर्ने प्रणाली स्थापित गरिएको छ । साथै, करदाता शिक्षालाई प्राथमिकता दिइने छ ।

४६. करप्रणालीलाई करदातामैत्री बनाउन एउटा मोबाइल एप बनाइनेछ साथै कुनैपनि बेला आफुले बेहोर्नेकरको चाहेको बेला जानकारी लिने तथा मोबाइल बाटै कर तिर्ने व्यवस्था लागु गर्ने ।

४७. लक्ष्यमा आधारित उत्प्रेरणा एवं राजस्व अभिवृद्धि प्रोत्साहन मापदण्ड लागु गरिनेछ ।

४८. करको दायरा तथा क्षेत्र वृद्धि गर्नका लागि राजश्व सुधार कार्य योजनाको निर्माण भैसकेकोल सोहि बमोजिम कार्य अगाडी बढाइनेछ ।

**कृषि नीति**

४९. कृषि उपजहरुलाई सहज रूपमा बजारसम्म पुर्याउनका लागि कृषि क्षेत्रसम्म पुग्नेपूर्वाधारहरुको विस्तार गरिनेछ। स्थानीयकृषिउत्पादनको व्यवस्थित बजारीकरणका लागि उपमहानगरभित्रका सबै हाटबजारहरुको थप व्यवस्थापन गरिनेछ ।

५०. कृषियोग्य भूमिको पूर्ण उपयोग सुनिश्चित गर्न उपमहानगर भित्र रहेका कुनै पनि कृषि योग्य जमिन बाँझो राख्न दिइने छैन ।

५१. किसानलाई आधुनिक कृषि प्रविधि तथा तालिम प्रदान गरिनेछ ।

५२. उपमहानगरका उत्कृष्ट किसानहरुलाई पुरस्कृत गरिनेछ ।

५३. एक वडा एक उत्पादन कार्यक्रम संचालन गरी कृषि उत्पादन अभिवृद्धि गरिनेछ ।

५४. पशुजन्य पदार्थहरूको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न उत्पादन लागत न्यूनीकरणका प्रविधिहरूको उपयोग, फार्म सुधार र यान्त्रिकीकरणलाई जोड दिइनुका साथै पशुहरूको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५५. एक वडा एक पशु फर्म आधुनिकीकरण कार्यक्रम लागु गरिनेछ ।

५६. कृषकको लागि ground तथा underground सिचाईको ब्यबस्था गरिनेछ ।

५७. कम्तिमा ५० वटा सम्म बाख्रापालनको प्रस्ताव लिएर आउने पशुपालक समूहलाई अनुदान दिने कार्यक्रम ल्याइनेछ ।

५८. पशुजन्य खाद्य पदार्थहरुको गुणस्तरीय उत्पादन, प्रशोधन, विविधिकरण र बजारीकरणलाई प्राथमिकता दिंदै विषयगत शाखा र सेवा केन्द्रहरुमा रोग निदानका लागि प्रयोगशाला सेवा विस्तार गरिनेछ । यस कार्यमा भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रसँग सहकार्य तथा साझेदारी गरिनेछ।

**रोजगारी सिर्जना तथा सहकारी**

५९. युवा तथा उद्यमीहरुलाई नवीन व्यवसाय शुरु गर्न आवश्यक क्षमता विकास अन्तर्गत उद्यमशिलता विकास तालिम, प्राविधिक सीप विकास तालिम, प्रविधि हस्तान्तरण, वित्तीय पहुँचमा सहजीकरण र बजारीकरणका कार्यक्रमसंग क्रमश आबद्ध गराई रोजगारी अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।

६०. बेरोजगार युवाहरुको डाटाबेस निर्माण गरी ती युवाहरुलाई सीपमूलक तालिम दिइ आफ्नै नगर देशमा स्वरोजगार व्यवसाय संचालन गर्न प्रेरित गरिनेछ । **बिन सीप कोना जीब** कार्यक्रमको थालनी गरी लागु गर्ने आधारशिला तयार गरिनेछ ।

६१. युवाहरुमा बढदै गइरहेको नकारात्मकता ,दुर्व्यसन, आक्रामकता, निर्णय लिन नसक्ने, कैरियर दिशा निर्देशका लागि के गर्दा राम्रो हुने भने अवधारणा अन्तर्गतका व्यवस्थापनका लागि मनोवैज्ञानिक परामर्श सेवाहरु (Counseling Centre) नेतृत्वविकास तालिम लगायतका कार्यक्रमहरु निर्माण गरी लागु गरिनेछ ।

६२. युवा बेरोजगारहरु वाट ठोस प्रस्ताव आह्वान गरी उनीहरुलाई सर्टिफिकेट वा अन्य जमानीको आधारमा ५ लाख सम्म सहयोग गर्ने नीति लिइएको छ । ।

६३. सहकारी सेवालाई सर्वसुलभ बनाउन उपमहानगरपालिकामा कर्मचारी व्यवस्थापन गरी युवा बेरोजगारहरु लाई यस संग जोडिनेछ।

६४. **स्वास्थ्य सेवामा सुधार एवं पहुँच**

६५. स्थानीय बालमैत्री नगर घोषणा कार्यक्रममा स्वास्थ्य अन्तर्गत उल्लेखित सूचक हासिल हुनेगरी सुरक्षित मातृत्व सेवा अन्तर्गत गर्भवती तथा सुत्केरी महिलाहरुलाई प्रोटोकल अनुसार जाँच एवं नवजात शिशुको स्वास्थ्य प्रवर्द्धनको लागि गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क क्याल्सियम चक्की र फोलिक एसिड वितरणलाई निरन्तरता दिईनेछ ।

६६. स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनको लागि Public Private Partnership मा निजि तथा गैरसरकारी क्षेत्रसँग समन्वय,सहकार्य र साझेदारी गरिनेछ ।

६७. गुणस्तर स्वास्थ्य सेवा प्रदान गर्नको लागि स्वास्थ्य सँस्थाहरुको भौतिक पुर्वाधार निर्माण,स्तरोन्नती र मर्मत संभार गरिनेछ ।

६८. नगरवासीहरुलाई विशेषज्ञ र विशिष्टकृत स्वास्थ्य सेवा प्रदान गर्नेको लागि निजि मेडिकल कलेज सँग सहकार्य गरिनेछ ।

६९. नसर्ने रोगको सचेतना अभिवृद्धि,प्रारम्भीक पहिचान,परामर्श तथा उपचारका लागि वडाहरु संगको सहकार्यमा “नगर प्रमुख घरदैलो स्वास्थ्य सेवा कार्यक्रम” संचालन गरिनेछ ।

७०. स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड (MSS) तथा गुणस्तर सुधार प्रक्रिया लागु गरिनेछ

७१. ”पुर्ण खोप सुरक्षित भविष्य” अभियानलाई निरन्तरता र दिगो कायम गरिनेछ ।

७२. पालिका भरिका प्रजनन् उमेरको महिलाहरुको स्वास्थ्य रक्षाका लागि “निःशुल्क स्तन तथा पाठेघरको मुख क्यान्सर स्क्रीनिङ घुम्ती शिविर” संचालन गरिनेछ ।

७३. क्षयरोग, कुष्ठरोग, Malaria, Dengue, Kala-azar जस्ता भेक्टर रोग नियन्त्रणको लागि संघ र प्रदेश सरकार सँग सहकार्य गरिनेछ ।

७४. स्वास्थ्य बीमा कार्यक्रममा नागरिकको सहभागिता बढाउने विशेष अभियान सञ्चालन गरिनेछ र विपन्न,असाहय,गरिब र अपांगता भएका व्यक्तिहरुको बीमा प्रिमियम पालिकाले कानून प्रक्रिया बमोजिम भुक्तानी गरिनेछ ।

७५. आधारभूत एवं गुणस्तरीय स्वास्थ्य सेवामा उपमहानगरबासीको पहुँच सुनिश्चित गर्न स्वास्थ्यको सर्वव्यापी पहुँचको अवधारणा अनुसार सबै वडामा स्वास्थ्य संस्था स्थापना गरी सेवा प्रवाह गरिनेछ । नवजात शिशु, आमा र बालबालिकाको पोषण, प्रजनन स्वास्थ्य, सर्ने तथा नसर्ने रोगको रोकथाम, महामारी नियन्त्रण तथा सचेतना प्रवर्द्धनका कार्यहरुमा विशेष जोड दिइनेछ ।

७६. बालबालिका, महिला, जेष्ठ नागरिक,अपाङ्गता लगायत जोखिम समूहका व्यक्तिहरुलाई विशेष स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ । उपमहानगरका विपन्न र अपाङ्गता भएका व्यक्तिहरुको निःशुल्क स्वास्थ्य बीमा गरिने नीति अवलम्बन गरिनेछ ।

७७. उपमहानगरमा बसोबास गर्ने सबै क्षयरोग बिरामीहरुको प्रयोगशाला परीक्षण रआवश्यक औषधि उपचार गर्ने नीतिलाई कार्यान्यवनमा ल्याइनेछ ।

७८. विद्यालयमा विद्यार्थीहरुको स्वास्थ्य सुनिश्चित गर्न विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ।उपमहानगरका सबै विद्यालयमा अनिवार्य रूपमा **स्वास्थ्य जांच कक्ष**को व्यवस्था गरिनेछ ।

७९. नियम तथा मापदण्ड विपरित मदिरा तथा मासुजन्य पदार्थ बिक्री वितरण गर्ने कार्यलाई कडाईका साथ अनुगमन गरी निरुत्साहित गरिनेछ ।

८०. सरकारी स्वास्थ्य संस्था मा सुत्केरी हुने महिलालाई निःशुल्क यातायात,एम्बुलेन्स खर्च उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ । नगरका सबै गर्भवती महिलालाई क्याल्सियम तथा गुणस्तरीय झुल वितरण गरिनुका साथै सबै नगरवासीको रगतमा ग्लुकोजको मात्रा परीक्षण निःशुल्क रूपमा गरिनेछ।साथै, गर्भवती महिलाहरुको ओसारपसारको लागि एउटा एम्बुलेन्स जनकपुरधाम अस्पताललाई उपलब्ध गराइनेछ।

८१. जोखिमयुक्त मेडिकल फोहोरको व्यवस्थापन तथा निर्मलीकरणकालागि सम्बन्धित स्वास्थ्य संस्था तथा अस्पतालहरुसंग आवश्यक सहकार्य गरिनेछ ।

८२. नागरिकहरुको स्वास्थ्य परिक्षणको लागि घरदैलो कार्यक्रमको थालिनी गरीनेछ ।

**पूर्वाधार तथा शहरी सौन्दर्य**

८३. सुरक्षित तथा सहज यातायात को ब्यबस्था मिलाइने छ |

८४. संरक्षित स्मारक क्षेत्र तथा विश्व सम्पदा सुचिकृतको उचित भौतिक पुर्बधार निर्माण तथा ब्यबस्थापन गरिनेछ |

८५. जनकपुरधाम उपमहानगर भित्र सहज रुपले ठेगाना खोज्न तथा गन्तब्यमा पुग्न house number तथा street number system लागु गरिनेछ |

८६. बढदो शहरीकरणलाई ब्यबस्थित गर्न भवन निर्माण इजाजत शाखालाई थप मर्यादित बनाउन इ-बि.पी.स. सिस्टम लागु गरिनेछ |

८७. खुद्रा ब्यापारीहरुको लागि उचित सरंचना तथा भौतिक पुर्बधारको ब्यबस्था गरिनेछ |

८८. यस पालिका भित्र को सडक संजाल ब्यबस्थापन गर्न MTMP (Municipal Transport master plan) तयार गरि traffic police को कडाइ बढाइनेछ |

८९. विश्वस्तरमा जनकपुरधामलाई पहिचान दिलाउन्न संरक्षित स्मारक क्षेत्र भित्रको मठमन्दिर, पतिपौवा, कुण्ड , तथा पुरातात्विक संरचना को संरक्षण गर्न उचित कदम चालिनेछ |

९०. अन्तार्ग्रिही परिक्रमा सडक ब्यबस्थापन गरिनेछ |

९१. स्वच्छ खानेपानीका लागि बिभिन्न योजना संचालन गरिनेछ |

९२. रात्री समयमा जनताको सुरक्षित हिडडुल तथा आवतजावतको लागि उचित street light, tower light जडान गरिनेछ |

९३. यात्रुहरुको लागि चौक चौक मा प्रतिक्षालय तथा सौचालय को ब्यबस्था गरिनेछ |

९४. बाहिरबाट आएका तिर्थयात्रीहरुको लागि पार्किंग, स्नान घर तथा बिश्राम कक्षको उचित ब्यबस्था मिलाइनेछ/

९५. तिर्थालुहरुको लागि जनकपुरधामको बिभिन्न landmark सहितको route map ठाउँ ठाउँ मा जडान गरिनेछ |

९६. खेलाडीहरुलाई प्रोत्साहन गर्न खेलकुद मैदानको लागि उचित पूर्वाधार ब्यबस्थापन गरिनेछ|

९७. विद्यालयहरुमा उचित शिक्षाको लागि चाहिने भवन, शौचालय जस्ता पुर्बाधारको ब्यबस्था मिलाइनेछ |

९८. उपमहानगरपालिकाले सञ्चालन गरेका अधुरा योजनालाई प्राथमिकतामा राखि कार्यान्वयनमा ल्याउनेछ। यस आर्थिक वर्षदेखि योजना सार्ने प्रवृत्तिमा पूर्ण रुपमा नियन्त्रण गरिनेछ ।

९९. रोजगारी सिर्जना हुने र मेशिनरी औजार प्रयोग नहुने आयोजना सञ्चालन उपभोक्ता समितिबाट गरिनेछ र ठूला तथा मेशिनरी औजार प्रयोग हुने र २० लाख भन्दा माथिका सडक आयोजना बोलपत्र मार्फत् कार्यान्वयनमा ल्याइनेछ ।

१००. लागत अनुमान स्वीकृति पश्चात् सम्झौता गर्ने र जनसहभागिता बराबरको रकम भन्दा बढी कार्य प्रगति भए पश्चात् मूल्यांकनको आधारमा उपभोक्ता समितिलाई भुक्तानी दिने नीतिलाई कार्यान्वयनमा ल्याइनेछ ।

१०१. निर्माण कार्य गुणस्तरीयताका लागि बोलपत्र प्रक्रियाबाट र उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको ल्याब परीक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

१०२. सडकमा अनुचित ढगंबाट राखिएका निर्माण-सामग्रीका कारण आवागमनमा अवरोध गर्ने र दुर्घटना हुने हुँदा त्यस्तो गर्ने व्यक्ति तथा निर्माण व्यवसायीलाई कारवाहीको दायरामा ल्याइनेछ ।

१०३. वडास्तरीय आयोजनाहरुको रकमान्तर र कार्यक्रम संशोधन नगर्ने र अति आवश्यक भएको अवस्थामा सम्बन्धित वडाको सिफारिसमा कार्यपालिकाले निर्णय गरेबमोजिम मात्र हुनेगरी व्यवस्था मिलाइनेछ ।

१०४. शहरी क्षेत्रमा बसोवास गर्ने नागरिकहरुलाई शारीरिक व्यायामका लागि सार्वजनिक स्थलहरुमा आधुनिक खुल्ला व्यायामशाला स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०५. शहरी संरचनालाई विश्वव्यापी मापदण्डअनुरुपको बनाउन अपांगमैत्री र वातावरणमैत्रीभौतिक संरचना निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**निजी क्षेत्रसँग सहकार्य**

**वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन**

१०६. विषादी प्रयोग नियन्त्रण, स्वच्छ पिउने पानीको उपलब्धता, वायु प्रदूषण नियन्त्रण, फोहोरको उचित व्यवस्थापन कार्यमानिजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

१०७. उपमहानगरको कम्तिमा एक वडालाई नमूनाको रुपमा **प्लास्टिक झोलामुक्त वडा** बनाई कपडा झोला,जुट झोला प्रयोगमा जोड दिईनेछ र क्रमशः सबै वडामा निरन्तरता दिइनेछ ।

१०८. प्लास्टिक जन्यवस्तु बालेर प्रदूषण गर्ने, अव्यवस्थित विज्ञापन सामग्री राख्ने, फुटपाथमा पसल तथा निर्माण सामाग्री राख्ने,छतको पानी सडकमा खसाल्ने, सतह ढलमा शौचालयको ढल मिसाउने,लगायतका गतिविधि गर्नेलाईपूर्ण रुपमा निरुत्साहित गरिनेछ।

१०९. जनकपुरधाम खानेपानी व्यवस्थापन बोर्डले प्रवाह गर्ने सेवा, पूर्वाधार विकास र विस्तारलाई व्यवस्थित गर्न संघीय, प्रदेश र अन्य दात्री निकायहरुसंग समन्वय गरिनेछ ।

११०. अस्पताल तथा विभिन्न स्वास्थ्य संस्थाहरुबाट निस्कने मेडिकल वेस्टको व्यवस्थापनका लागि निजी क्षेत्रसंग सहकार्य गरिनेछ । फोहोरको निर्मलीकरण तथा व्यवस्थापन गर्ने उपकरणको व्यवस्था मिलाइनेछ।

१११. वातावरण तथा प्रविधिमैत्री यातायात व्यवस्थापन गर्न विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

**सुशासन**

११२. सार्वजनिक स्रोतको उपयोगलाई प्रभावकारी बनाउन जोखिम विश्लेषणमा आधारित लेखाराख्ने पद्धतिलाई जोड दिइनेछ ।

११३. उपमहानगरबाट सम्पन्न हुने आर्थिक क्रियाकलापमा वित्तीय जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।

११४. उपमहानगरको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाउन आन्तरिक नियन्त्रण निर्देशिकालाई कार्यान्वयनमा ल्याइनेछ ।

११५. उपमहानगरपालिकाले कुनै पनि स्वरूपको भ्रस्टाचार सहन नगर्ने नीतिअनुरुप शासकीय क्रियाकलापहरुमा हुन सक्ने अनियमितता, सरकारी सम्पत्तिको अनधिकृत प्रयोग, अपचलन वा दोहन गर्ने जुनसुकै पदाधिकारी, कर्मचारी, सेवाप्रदायक वा सेवाग्राहीलाई कानून अनुरुप दण्डको व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ ।

११६. उपमहानगरमा सार्वजनिक खरीद प्रक्रियालाई पारदर्शी, प्रतिष्पर्धी र मितव्ययी बनाई सुशासन कायम गर्न निर्माण व्यवसायीहरुको प्राविधिक तथा आर्थिक क्षमता, पूर्व कार्य-सम्पादन स्थिति, कामको गुणस्तर, कार्यान्वयनमा रहेका ठेक्का संख्यासहितको विद्युतीय प्रोफाइल अद्यावधिक राखिनेछ ।

११७. निर्माण हुने कार्यको सम्बन्धित सबै पक्षको विश्लेषण नगरी ठेक्का दिएको कारणबाट तोकिएको समय, लागत, गुणस्तरसहितको कार्यसम्पादन नभएमा प्राविधिक मूल्यांकनकर्ता, पदाधिकारी, उपभोक्ता समिति तथा अन्य जिम्मेवार कर्मचारीलाई कानूनअनुसार दण्ड दिने तथा आवश्यक क्षतिपूर्ति भराउने नीति अवलम्बन गरिनेछ।

११८. उपमहानगरपालिकाले प्रदान गर्ने सेवा प्रवाह,आर्थिक व्ययभार र भूगोल समेतलाई विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गरिनेछ।

११९. भुक्तानी प्रक्रियालाई सरलीकरण गर्नका लागि उपभोक्ता समितिलाई पुनर्ताजगी तालिम प्रदान गरिनेछ ।

१२०. सुचना लिने दिने प्रणाली लाई थप व्यवस्थित गरी जनताको कार्य कहिले सम्म हुन्छ स्पष्ट जानकारी दिइने आरटी आइको मूलमर्म लाई आत्मसात गरी कार्यप्रकिया अगाडी बढाइनेछ ।

१२१. उपमहानगरपालिकाको सेवाप्रवाहलाई चस्तदुस्त र गुणस्तरीय वनाउन कर्मचारीहरुलाई क्षमता विकासका लागि तालिमको व्यवस्था मिलाइनेछ ।

१२२. कर्मचारीहरुमा राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्ड दिइने र त्यस्कोलागि वैत्रानिक कार्यसम्पादन मस्ल्यांकन प्रणालीमा जोड दिइनेछ।

**सूचना संचार, प्रविधि प्रयोग तथा डिजिटल प्रणाली**

१२३. पत्रकार महासंघ तथा पत्रकार सम्बद्ध संघ-संस्थाको क्षमता विस्तार र सशक्तिकरणका लागि आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

१२४. जनकपुरधाम उपउपमहानगरपालिकालाई सूचनामैत्री बनाई स्थानीय सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धन गरिनेछ । स्थानीय पत्र-पत्रिका, रेडियो, टेलिभिजन तथा अनलाइनहरुलाई थप व्यवस्थित, विश्वसनीय र प्रतिष्पर्धी बनाइनेछ ।

१२५. सेवा-प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी E-Governance लाई तीव्रता दिइनेछ । कम्प्युटर प्रविधि तथा इन्टरनेटमा आधारित सेवा (Online Services)लाई अझ प्रभावकारी बनाउने नीति लिइनेछ । सूचना-प्रवाह गर्न तथा

नगरवासीसँग अन्तर्क्रिया गर्न **उपमहानगर हाम्रो जनकपुरधाम रेडियो तथा टेलिभिजन कार्यक्रम** सञ्चालन गर्नुका साथै सामाजिक सञ्जालको प्रयोग गरिनेछ ।

१२६. उपमहानगरपालिकाको आफ्नै सर्भरमा तथ्यांक राखी यसको संरक्षण गर्न उपयुक्तसर्भर खरिद गर्नुका साथैडाटा, एप्लिकेशन, सफ्टवेयर तथा साइबर सुरक्षाको प्रबन्ध मिलाइनेछ।

**महिला, दलित तथा लक्ष्यित वर्ग उत्थान, सशक्तिकरण**
**एवं सामाजिक समावेशीकरण**

१२७. सामाजिक समावेशी नीतिअनुरुप दलित, आदिवासी, जनजाति, पिछडावर्गको सशक्तीकरण र उत्थानका कार्यक्रम सञ्चालन गरिनेछ।

१२८. विशेष संरक्षणको आवश्यकता भएका महिला, बालबालिका, ज्येष्ठ-नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षणका लागि लागि संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

१२९. वडा तहमा विभिन्न निकायबाट गठन गरिएका महिला समूह तथा आमा समूहहरूलाई एकीकृत रूपमा महिला सन्जाल गठन गरी महिलाहरुको आर्थिक एवम् सामाजिक सशक्तीकरणका लागि परिचालन गरिनेछ ।

१३०. **हाम्रा बालबालिका हाम्रो भविष्य** भन्ने नाराकासाथ बालमैत्री शासन पद्धति अनुशरण गरिनेछ । बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा र शोषण निषेधको नीतिलाई निरन्तरता दिइनेछ ।

१३१. बालबालिकाको सर्वोत्तम हितका लागि स्थापित बालकोषमा बालबालिकाको हक हित सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय बालअधिकार कार्यविधिमा उल्लेख भए बमोजिमको श्रोत व्यवस्थापन गर्दै लगिनेछ ।

१३२. टोल विकास संस्था स्थानीय शासनका साझेदार हुन् । यिनको क्रियाशीलताले स्थानीय सुशासनलाई प्रत्यक्ष रूपमा बल पुग्ने हुँदा टोलस्तरमा हुने सबै स्थानीय शासकीय गतिविधिमा टोल विकास संस्थाको औपचारिक सक्रियता सुनिश्चित गरिनेछ ।

१३३. प्रत्येक टोलमा रहेका टोल विकास सस्थाहरुलाई आफ्नो टोलभित्र बसोबास गर्ने महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको पहिचान खुल्ने विवरण तयार पार्न र अभिलेख व्यवस्थित गर्ने कार्यमा जिम्मेवार बनाउंदै लगिनेछ ।

१३४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसंग स्थानीय आवश्यकता अनुसार आमन्त्रण र सहकार्य गर्ने नीति लिइनेछ। साथै प्रभावकारी अनुगमन र नियमनमा जोड दिइनेछ।देशभित्र र देशबाहिरका सहरहरुसंग भगिनी सम्बन्ध कायमगरी साँस्कृतिक एवम् विविध पक्षबीच आदान-प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३५. जनकपुरधाम उपउपमहानगरपालिकाले बेसहारा सडक मानवमुक्त उपमहानगरपालिका घोषणा गरी मानव सेवा आश्रमसंग शुरु गरेको सहकार्यव्यवस्थित र व्यापक बनाउने नीति लिइनेछ । यस आ.व.बाट मानवसेवा आश्रमका साथै अन्य यससम्बन्धी सहयोगी निकायहरुसंग पनि सहकार्य गरिनेछ।

१३६. अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र अधिकारलाई सुनिश्चित गर्दै अपाङ्गताको गाम्भीर्यताको आधारमा अपाङ्गता परिचय-पत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै जनकपुरधाम प्रादेशिक अस्पतालमा उपचारका लागि आउने सबै अपाङ्गता भएका व्यक्तिको बहिरंग सेवाको टिकट दस्तुर निःशुल्क बनाइनेछ ।

१३७. **"जसको सवाल उसैको नेतृत्व"**भन्ने मान्यताअनुरुप अपाङ्गता क्षेत्रमा क्रियाशील सामाजिक संघसंस्थाहरूको अगुवाईमा अपाङ्गता सम्बन्धी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

१३८. उपमहानगरभित्र जन्मिएका बच्चाहरुको जन्मदर्ता गर्दा बालस्वास्थ्य खोपकार्डको आधारमा गरिनेछ र प्रत्येक बालबालिकाको पहिचानलाई सुनिश्चत गर्दै जन्मदर्ता अभिलेखको आधारमा विद्यालय भर्ना गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१३९. पिछडा वर्ग, सीमान्तकृत समुदाय, आदिवासी जनजाति, दलित लगायत विपन्न र पिछडिएका बस्तिहरुमा स्थलगत रुपमा नै व्यक्तिगत घटना दर्ता गर्न टोली खटिनेछन् । साथै प्रत्येक वडामा व्यक्तिगत घटना दर्ताका लागि घुम्ती शिविर सञ्चालन गरिनेछ।

१४०. उपमहानगरमा रहेका विपन्न र पिछडिएका बासिन्दा खुला स्थानमा बस्नु नपरोस् भनि निःशुल्क बसोवास, खरको छानामुक्त गर्ने र न्यूनतम विद्युत खपत गर्ने बासिन्दाको विद्युत महशुल उपमहानगरले तिरिदिने नीति लिइएकोछ ।

१४१. उपमहानगरकासबै वडाहरुमा सामाजिक विकृति एवं विसङ्गति तथा लागू पदार्थ दुर्व्यसन नियन्त्रणगर्न स्थानीय सुरक्षा निकायबीच सहकार्य गरि नियन्त्रण गरिनेछ ।

१४२. महिला, दलित, जनजाति तथा पिछडा वर्गका लागि आय आर्जनका विशेष कार्यक्रमहरू जस्तै रोजगार सृजनाका लागि उद्यमशिलता विकास तालिम, सिप विकास तालिम, प्रविधि हस्तान्तरण तथा वजार व्यवस्थापन जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४३. उपमहानरपालिकाके कार्यालयमा कम्तीमा एउटा स्तनपान कक्षको व्यवस्था गरिने छ । पछि यसलाइ सवै वडामा विस्तार गरिने छ ।

१४४. सवै वडा स्वास्थ्य कार्यालयमा आवश्यकताका आधारमा सञ्चालित वर्थिंग सेन्टरलाई थप प्रभावकारी र स्रोत साधनयुक्तवर्थिङ सेन्टरको स्थापना गरिने छ ।

१४५. लैंगिक समानता तथा सामाजिक समावेशिकरण छुटै इकाइ खडा गरिने छ र यस सम्वन्धि आचार संहिता निर्माण गरी लागु गरिने छ ।

१४६. लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरुको सुरक्षा उद्धार, राहत, मनोसामाजिक परामर्श एवं पुनर्स्थापनाका लागि सम्बन्धित संघसंस्थाहरुसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१४७. एकल महिलाहरुको सामाजिक संरक्षण तथा सुरक्षाका लागि एकल महिला सुरक्षा कोष स्थापना तथा सञ्चालन गरिनेछ ।

१४८. एकल महिलाहरुको सामाजिक संरक्षण सशक्तिकरण तथा क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४९. उपमहानगरपालिकालाई सडक बालबालिका मुक्त उपमहानगर घोषणाका गर्नका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

१५०. बालसमूह/संस्था/सञ्जालहरुलाई सक्रिय बनाई बालसंरक्षण र संवर्द्धनका विभिन्न क्रियाकलापहरु गर्दै बालविवाहमुक्त अभियान सञ्चालन गरिनेछ ।

१५१. ज्येष्ठ नागरिकको हक हित संरक्षण तथा वहाँहरुको ज्ञान सीप तथा अनुभवको पुस्तान्तरण/हस्तान्तरणका लागि विभिन्न कार्यक्रम सञ्चालनको व्यवस्था मिलाईनेछ।

१५२. लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको सम्मानित तथा सहज जीवनयापनका लागि परिवार तथा समुदाय सचेतीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५३. अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुको सहजताका लागि उपमहानगरपालिकाको भुईं तल्लामा एक विश्राम कक्षको व्यवस्थापन गरिनेछ ।

**विपद व्यवस्थापन**

१५४. सबै वडा कार्यालयहरुमा विपद् व्यवस्थापनका आधारभूत सामग्री भण्डारणको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

१५५. विपद् र विकासमा युवा परिचालनको नीतिलाई निरन्तरता दिइनेछ ।

**उद्योग वाणिज्य तथा आपूर्ति**

१५६. उद्योग तथा वाणिज्य क्षेत्रले समाजमा निर्वाह गर्नुपर्ने दायित्वलाई ध्यान दिंदै उपमहानगरभित्र संचालित उद्योग तथा व्यापारका लागिCSR (कर्पोरेट सोसल रेस्पोंसिबिलिटी) निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ ।

१५७. औद्योगिक वातावरणलाई लगानीमैत्री तथा प्रतिस्पर्धी बनाई औद्योगिक वस्तुको उत्पादन र रोजगारीका अवसरमा अभिवृद्धि गर्ने नीति लिइनेछ। साना तथा मझौला उद्योगहरुको संरक्षण र विकास गर्दै स्थानीय क्षेत्रमा रोजगारी अभिवृद्धि गर्न संभावित वडाहरु पहिचान गरी साना तथा मझौला उद्योग ग्राम स्थापना गर्ने नीतिलाईकायम गरिएकोछ ।

१५८. स्थानीय स्रोत र कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने गरी उद्योगको प्रवर्द्धन गर्न विशेष जोड दिइनेछ ।

१५९. खाद्य गुणस्तर कायम गर्न उपमहानगरमा खाद्य गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

१६०. सृजनात्मक तथा अनुसन्धानमा आधारित साना उद्योगहरुको स्थापनाका लागि प्रोत्साहनस्वरूप बीउ पूंजी तथा उत्पादन पश्चात बिक्री बिल बिजकका आधारमा अनुदानको व्यवस्था गरिनेछ ।

**उपयोग तथा वस्ति विकास**

१६१. उपयोगविहीन जग्गाहरुको पहिचान गरी लगत राखि सार्वजनिक पार्क तथासार्वजनिक उपयोगका क्षेत्रमा प्रयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१६२. उपमहानगरपालिका भित्रकासम्भावितस्थानमा व्यवस्थित बस्ती विकास(ल्याण्ड पुलिङ)कार्यक्रम संचालन गरिनुका साथै एकीकृत शहरी विकास योजना तयार गरिनेछ ।संघ र प्रदेशको सहकार्यमा जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६३. उपमहानगरभित्र रहेका भूमिहीन तथा सुकुम्वासीको लगत संकलन कार्यको शुरुवात गरि बैज्ञानिक बसोवासको लागि पहल गरिनेछ ।

१६४. उपमहानगरपालिका भित्र रहेका सार्वजनिक पर्ति जग्गा खोजबिन तथा अनधिकृत सार्वजनिक जग्गाको अतिक्रमणलाई कडाईका साथ रोकिनेछ।

**आदरणीय सभा सदस्य ज्यु हरु,**

अन्त्यमा, १५ औं नगर सभामा सहभागी हुनुभएका सम्पूर्ण सभा सदस्यज्युहरू नीति तथा कार्यक्रम निर्माणमा खटिनुभएका कर्मचारी साथीहरु, राजनीतिक दल, राष्ट्रसेवक, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, विकास साझेदार, संचारजगत एवम् १५ औं नगर सभा सम्पन्न गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले सहयोग गर्नु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यबाद ।

मनोज कुमार साह
नगर प्रमुख